# मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१

मन्त्रालयबाट स्वीकृत मितिः २०८१।०५।२४

**प्रस्तावना:** प्रदेशको आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक, भाषिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक, प्राकृतिक महत्व झल्किने, प्रदेशको पर्यटन र संस्कृति प्रवर्द्धन गर्न योगदान पुग्ने, परम्परागत ज्ञान र सीप प्रतिविम्बन हुने सिर्जनात्मक, भावनात्मक तथा सन्देशात्मक र कलात्मक चलचित्र वा वृत्तचित्र उत्पादन, निर्माण र प्रवर्द्धन गर्न आवश्यक भएकोले,

विनियोजन ऐनको दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "एप्रिसियसन कार्यशाला" भन्नाले चलचित्रका विषयवस्तुलाई ग्रहण गरी चलचित्रका विभिन्न विधालाई बुझाउने सिकाईको कार्यशालालाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले सञ्चार रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "चलचित्र" भन्नाले जुनसुकै प्रविधिमा बनेको सार्वजनिक प्रदर्शन गर्ने उद्देश्यले निर्माण भएको सिर्जनात्मक र व्यवसायिक चलायमान चित्र सम्झनु पर्छ र सो शब्दले लघु चलचित्र वा फिचर चलचित्र वा वृत्तचित्र समेतलाई चलचित्र सम्झनु पर्छ।

(घ) "चलचित्र प्रोत्साहन वृत्ति" भन्नाले चलचित्र वा लघु चलचित्र वा वृत्तचित्र र चलचित्र महोत्सवका लागि तोकिएको सहयोग स्वरुप दिइने रकमलाई सम्झनु पर्छ।

(ङ) "चलचित्रकर्मी" भन्नाले चलचित्र क्षेत्रमा कलात्मक, सिर्जनात्मक बौद्धिक, सीपमूलक, शारीरिक श्रम गर्ने व्यक्ति र चलचित्र व्यवसायीलाई सम्झनु पर्छ।

(च) "चलचित्र व्यवसायी" भन्नाले चलचित्रको निर्माण, वितरण वा प्रदर्शनको व्यवसाय गर्ने व्यक्ति सम्झनु पर्छ।

(छ) "छायाँङ्कन स्थल" भन्नाले प्रदेश सरकारले तोकेका प्राकृतिक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक, गाउँ, पर्व, समाज, संस्कृति, भेषभुषा, रहनसहन, परम्परागत सीपको समिश्रण सहित छायाँङ्कन गर्न सकिने विषयलाई सम्झनु पर्छ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(ज) "पटकथा" भन्नाले चलचित्र निर्माणका लागि तयार पारिने दृश्यात्मक र ध्वन्यात्मक कथावस्तुलाई सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ञ) "प्रतिकृति(Replica)" भन्नाले कुनै गाउँ, समाज, भेषभुषा, परम्परागत ज्ञान, सीप, प्रविधि, कला, संस्कृति प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रतिविम्बन झल्कने कलात्मक स्थान वा छायाँङ्कन स्थल सम्झनु पर्छ।

(ट) "प्रस्ताव छनोट तथा मूल्याङ्कन समिति" भन्नाले दफा ५ बमोजिमको समितिलाई सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(ड) "मौलिक चलचित्र" भन्नाले प्रदेशको आर्थिक, सामाजिक, राजनीतिक, भाषिक, धार्मिक, ऐतिहासिक, पुरातात्त्विक र प्राकृतिक महत्व झल्किने तथा पराम्परागत ज्ञान एवम् सीप प्रतिविम्बत हुने मौलिक संस्कृतिमा आधारित रही सिर्जनात्मक, भावनात्मक र संवेदनात्मक साथै कलात्मक चलचित्र वा वृत्तचित्रलाई सम्झनु पर्छ।

(ढ) "लघु चलचित्र" भन्नाले सबै क्रेडिटसहित कम्तिमा १५ मिनेट देखि चालिस मिनेट भन्दा कम समय भएका चलचित्रलाई सम्झनु पर्छ।

(ण) "स्थानीय कलाकार" भन्नाले चलचित्रमा उपयोग हुने स्थानीय जनशक्तिलाई सम्झनु पर्छ।

## परिच्छेद- २
## छनौटको आधार

३. **विषयवस्तु छनौटका आधारः** चलचित्र निर्माणमा विषयवस्तु छनौटका आधार देहायबमोजिम हुनेछन्:-

(क) चलचित्र निर्माण गर्ने विषयवस्तु/कथावस्तुमा प्रदेशभित्रको मौलिकपना हुनुपर्ने,

(ख) पर्यटन, संस्कृति र सामाजिक सद्भाव प्रवर्द्धनमा योगदान पुग्ने,

(ग) तोकिएको अवधिभित्र छायाँङ्कन गरी चलचित्र निर्माण गर्न सक्ने,

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय महोत्सवमा प्रतिस्पर्धात्मक रुपमा प्रदर्शन गर्न सक्ने,

(ङ) चलचित्रले दिन खोजेको सन्देश स्पष्ट हुनु पर्ने,

४. **कार्यक्रम कार्यन्वयन प्रक्रियाः** (१) दफा ३ बमोजिमको आधार भएका विषयवस्तु/कथावस्तुमा चलचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्थालाई पन्ध्र (१५) दिनको समय दिई कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र दफा ३ बमोजिमको आधारमा चलचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले चलचित्र निर्माण गर्न सक्ने कार्ययोजनासहित अनुसूची-१ मा तोकिएको ढाँचामा कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्तावसहितको कार्ययोजनालाई कार्यालयले दफा ५ बमोजिमको समितिमा पेश गर्नेछ।

(४) दफा ५ बमोजिमको समितिले स्वीकृत गरेका प्रस्तावकको प्रस्तावलाई कार्यालयले वेवसाइटमा सूचना प्रकाशित गरी जानकारी गराउनेछ।

५. **प्रस्ताव छनोट तथा मूल्याङ्कन समितिः** (१) दफा ३ बमोजिमको आधार र दफा ४ बमोजिमको सूचनाका आधारमा प्राप्त प्रस्ताव छनोट गर्न देहायबमोजिमको समिति रहनेछः-

(क) सञ्चार रजिष्ट्रार -संयोजक

(ख) प्रतिनिधि(कानून), मन्त्रालय -सदस्य

(ग) चलचित्र समीक्षक -सदस्य

(घ) चलचित्रका विभिन्न विधामा दक्षता हासिल गरेका व्यक्ति तीन जना -सदस्य

(ङ) अधिकृत कर्मचारी सञ्चार रजिष्ट्रार कार्यालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको विधा भन्नाले चलचित्र निर्देशक, समीक्षक, लेखक, छायाँङ्कन, संगीत, ध्वनी नियन्त्रक, निर्माता, सम्पादक, ग्राफिक्स डिजाइनर, चलचित्र पत्रकार, चलचित्र पढाउने प्राध्यापक सम्झनु पर्छ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रस्ताव उपयुक्त ठहऱ्याएमा प्रस्ताव स्वीकृत गरेको जानकारी कार्यालयले सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रोत्साहन वृत्ति पाएका चलचित्र निर्माताले समितिले दिएको पृष्ठपोषण समावेश गर्नुपर्नेछ।

(५) चलचित्र निर्माताले कार्यालयले तोकेको समयसीमा भित्र दफा ५ बमोजिमको समिति समक्ष अन्तिम स्वीकृत गराईसक्नु पर्नेछ।

(६) अन्तिम सम्पादन भएका चलचित्रलाई प्रदेश सरकारले चाहेको ठाउँमा प्रदर्शन गर्नु चलचित्र निर्माताको कर्तव्य हुनेछ।

(७) प्रदेशमा निर्माण भएका उत्कृष्ट चलचित्रलाई प्रदेश सरकारले सम्मान तथा पुरस्कृत गर्न सक्नेछ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ४ बमोजिम प्राप्त प्रस्ताव, कथावस्तु र कार्ययोजना छनोट तथा मूल्याङ्कन गर्ने समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वृत्तचित्र/लघुचलचित्र/चलचित्रका कार्ययोजनामा सम्बन्धित गन्तव्य वा विषयवस्तु/कथावस्तुको समग्र पक्षको जानकारी भए नभएको जाँच गर्ने,

(ख) कथावस्तुमा सामाजिक र धार्मिक सदभावलाई बलियो बनाउने पक्षको अध्ययन भए नभएको हेर्ने,

(ग) कथावस्तुमा साँस्कृतिक मूल्य मान्यता र विश्वासमा आघात पुग्ने विषयवस्तु रहे नरहेको जाँच्ने,

(घ) कथावस्तुले पर्यटन र संस्कृति प्रवर्द्धन गराउन सक्ने आधार प्रस्तुत गरे नगरेको हेर्ने,

(ङ) कथावस्तुले दिने सन्देश प्रष्ट रहे नरहेको हेर्ने,

(च) चलचित्रको विषयवस्तु बन्न सक्ने औचित्यको आधार प्रस्तुत भए नभएको हेर्ने,

(छ) संक्षेपमा चलचित्रको कार्ययोजना प्रस्तुत भए नभएको हेर्ने,

(ज) प्रस्तावकले चलचित्र निर्माण गर्न सक्ने आधार रहे नरहेको मूल्यांकन गर्ने,

(झ) आवेदकको प्रस्ताव र कार्यालयको बजेटको सीमाभित्र रहेर प्रस्ताव छनोट गर्ने,

(ञ) कुनै प्रस्तावमा अतिरिक्त सूचना र जानकारी थप्नु पर्ने भएमा थप्न सुझाव दिने, र

(ट) माथि उल्लेखित बुँदाबाहेक अन्य उपयुक्त आधार र मापदण्ड निर्धारण गरी प्रस्ताव छनोट गर्न सक्ने।

७. <u>प्रस्ताव छनोटः</u> (१) कार्यालयको बजेटको सीमाभित्र रही दफा ६ मा तोकिएको अधिकार प्रयोग गरी दफा ५ बमोजिमको समितिले प्रस्ताव छनोट गर्नेछ।

(२) समितिले सिफारिस गरेका प्रस्ताव उपयुक्त ठहरिएमा कार्यालयले प्रस्तावकको नामावली कार्यालयको वेवसाइटमा प्रकाशन गर्नेछ।

(३) कार्यालयले दफा ८ बमोजिम प्राप्त गरेको नम्बरको आधारमा कम नम्बर प्राप्त गरेका प्रस्तावकलाई बैकल्पिक उम्मेदवारको सूचीमा राख्न सक्नेछ।

(४) कार्यालयले सूचना प्रकाशित गरेको मितिले सात दिन भित्र चलचित्रको पटकथा लेखन कार्याशालामा सहभागि हुन सक्ने वा नसक्ने जानकारी प्रस्तावकलाई दिई कार्यालयले वैकल्पिक उम्मेदवारलाई बोलाउन सक्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

८. **प्रस्ताव छनोटको मापदण्ड:** (१) पटकथा लेखन कार्याशालामा सहभागी हुन चाहने व्यक्ति वा संस्थाको प्रस्ताव छनोट गर्दा देहायबमोजिमको अंक दिई सबैभन्दा बढी नम्बर प्राप्त गर्ने बढिमा २० जनालाई पटकथा लेखन कार्यशालामा सहभागी गराउन सिफारिस गर्न सक्नेछ।

(क) Logline लेखाई — १०

(ख) Synopsis लेखाई — १०

(ग) Statement of Interest लेखाई — १०

(घ) चलचित्रसम्बन्धी विषय अध्ययन गरेको — १०

(ङ) चलचित्रमा सहयोगीको रुपमा काम गरेको — १०

(च) चलचित्रको समीक्षात्मक टिप्पणी लेखेको — १०

(छ) रंगमञ्च वा चलचित्रको पटकथा लेखेको — १०

(ज) विषयवस्तु बुझ्ने र लेख्ने क्षमता भएको — १०

(झ) चलचित्र निर्माण गर्न पेश गरेको कार्ययोजनाको आधार — १०

(ज) कम्तिमा तीन वर्षदेखि भिडियो(टेलिभिजन) मा काम गरेको — १०

(२) कार्यालयबाट प्रकाशित सूचना बमोजिम उपदफा (१) बमोजिमको नम्बर प्राप्त हुने गरी अनुसूची- २ को ढाँचामा पट कथा लेखन कार्याशालामा सहभागी हुन चाहानेले आवेदन दिनु पर्नेछ।

(३) कार्यालयले उपदफा (२) बमोजिमको नम्बर प्राप्त गरेका व्यक्ति वा संस्थालाई मात्र चलचित्र निर्माण गर्ने कथावस्तुको कार्ययोजना सहित पटकथा लेखन कार्यशालामा आउनसूचना प्रकाशित गर्नेछ।

(४) कार्यशालामा सहभागी हुन चाहने व्यक्ति बागमती प्रदेशको बासिन्दा वा पाँच वर्षदेखि बागमती प्रदेशमा क्रियाशील रहेको हुनु पर्नेछ।

## परिच्छेद- ३

## क्षमता विकास तथा प्रोत्साहन वृत्ति

९. **पटकथा विकास गर्ने कार्यशाला:** (१) कार्यालयले आयोजना गर्ने पटकथा लेखन कार्यशालामा प्रस्तावमाथि घनीभूत छलफल र अन्तरक्रिया गराई पटकथालाई श्रव्यदृश्यका लागि छायाँङ्कन योग्य बनाउने सीपलाई परिस्कृत गराइनेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामा
मन्त्री

(२) चलचित्र पटकथा कार्यशाला सञ्चालनका लागि सम्बन्धितक्षेत्रका विज्ञलाई कार्यालयले परामर्श सेवामा लिन सक्नेछ भने आवासीय कार्यशालाको मिति र स्थान कार्यालयले तोकेबमोजिम हुनेछ।

(३) कार्यालय र प्रशिक्षकले निर्धारण गरेको कार्यशाला सञ्चालन सम्बन्धी विधि र मापदण्ड पालना गर्नु सहभागीहरुको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम कार्यालय र प्रशिक्षकले लागू गराएको विधि र मापदण्ड पालना नगर्ने सहभागीलाई जुनसुकै बेला कार्यालयले कार्यशालाबाट फिर्ता पठाउन सक्नेछ।

(५) कार्यशालामा सहभागी भएका प्रस्तावकको प्रस्ताव छनोट गर्ने अधिकार प्रशिक्षक र कार्यालयलाई हुनेछ।

(६) प्रदेशभित्र रहेका स्थानीय तहसँग सहकार्य गरी चलचित्र पटकथा लेखन कार्यशाला सञ्चालन गर्न सकिनेछ।

(७) स्थानीय तहसँग सहकार्य गरी सञ्चालन गरिने कार्यशालाको विधि आपसी सहमतिमा निर्धारण गर्न सकिनेछ।

१०. <u>एप्रिसियसन कार्यशाला सञ्चालन गर्न सक्ने:</u> (१) चलचित्रका बारेमा नियमित लेख्ने पत्रकार तथा लेखक, चलचित्रका बारेमा जान्न चाहने व्यक्ति वा संस्थाहरुलाई लक्षित गरी कार्यालयले एप्रिसियसन कार्यशाला सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एप्रिसियसन कार्यशालामा सहभागी हुन चाहने व्यक्ति वा संस्थालाई लक्षित गरी पन्ध्र दिनको समयसीमा दिई राष्ट्रिय दैनिक पत्रिकामा कार्यालयले सूचना प्रकाशित गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समयसीमाभित्र एप्रिसियसन कार्यशालामा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले अनुसूची- ३ बमोजिमको ढाँचामा आवेदन पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त आवेदनमध्ये उपयुक्त ठहरिएका व्यक्ति वा संस्थालाई एप्रिसियसन कार्यशालामा सहभागी गराउन कार्यालयले सूचना प्रकाशित गर्नेछ।

११. <u>क्षमता विकासका अन्य कार्यक्रम गर्न सक्ने:</u> दफा ९ र दफा १० बाहेक सीप तथा क्षमता विकाससँग सम्बन्धित अभिनय कला, स्थलगत लघु चलचित्र निर्माण र विद्यालयमा चलचित्र साक्षरता जस्ता कार्यक्रम बजेटको सीमा भित्र रही कार्यालयले सञ्चालन गर्न सक्नेछ।

१२. <u>चलचित्र प्रोत्साहन वृत्ति:</u> (१) कार्यशालामा सहभागी प्रस्तावमध्ये उत्कृष्टताका आधारमा चलचित्र प्रोत्साहन वृत्तिका लागि योग्य हुने छन्।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(२) उपदफा (१) बमोजिम प्रशिक्षक र दफा ५ बमोजिमको समितिले सिफारिस गरेका प्रस्तावकलाई कार्यालयले प्रोत्साहनवृत्ति प्रदान गर्न सक्नेछ।

(३) उपदफा(१) बमोजिमका उत्कृष्टताका आधारमा पटकथा लेखन तथा चलचित्र निर्माणका लागि प्रदान गरिने वृत्तिलाई बाँडफाँडको सिफारिस गर्ने अधिकार दफा ५ बमोजिमको समितिमा हुनेछ।

(४) उपदफा (३) बमोजिमको बाँटफाँट गर्दा पटकथा लेखकलाई पच्चीस प्रतिशत र बाँकी पचहत्तर प्रतिशत चलचित्र निर्माणका लागि छुटयाउनु पर्नेछ।

(५) उत्कृष्टताका आधारमा छनोट भएका पटकथा लेख्ने व्यक्तिले चलचित्र निर्माण गर्न नचाहेमा दोस्रो व्यक्तिले उक्त पटकथामा चलचित्र निर्माण गर्न चाहेमा पटकथा लेखकलाई पच्चीस प्रतिशत र चलचित्र निर्माण गर्ने दोस्रो व्यक्तिलाई पचहत्तर प्रतिशत प्रोत्साहनवृत्ति कार्यालयले प्रदान गर्न सक्नेछ।

(६) प्रति चलचित्र निर्माणका लागि प्रोत्साहन वृत्तिको कूल रकम एक लाख रुपैयाको हुनेछ।

(७) उपदफा (६) बमोजिमको प्रोत्साहन वृत्ति पाउने चलचित्र निर्माताले निर्मित चलचित्रमा बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिष्ट्रारको कार्यालयको सहयोगमा निर्मित भनी उल्लेख गर्नु पर्नेछ।

(८) दफा ५ बमोजिम समितिबाट स्वीकृत पटकथा र सम्पादन गरिएको चलचित्र पेनड्राइभमा हस्तान्तरण गरेपछि कार्यालयले एकमुष्ट भुक्तानी दिन सक्नेछ।

(९) चलचित्र पटकथा कार्यशालामा सहभागी भएका तर प्रोत्साहन वृत्ति नपाएका पटकथाले चलचित्र बन्ने अवस्था आएमा बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिष्ट्रारको कार्यालयद्धारा आयोजित कार्यशालामा सहभागी भनी उल्लेख गर्नु पर्नेछ।

(१०) कार्यशालाबाट निर्मित चलचित्रको प्रतिलिपि अधिकार सम्बन्धित व्यक्तिमा हुनेछ।

(११) लघु चलचित्र सामान्यतया १५ मिनेटको हुनु पर्नेछ।

(१२) कार्यशालाबाट उत्पादित कथा संग्राहलय (स्टोरी बैंक) मा राख्न सक्नेछ।

(१३) कथा संग्रालयमा रहेका पटकथामा चलचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्था र पटकथा लेखकबीच कार्यालयले सहजीकरण गरिदिन सक्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

## परिच्छेद- ४
## चलचित्र महोत्सव, वृत्तचित्र र चलचित्रलाई सहयोग गर्न सक्ने

१३. **चलचित्र महोत्सवलाई सहयोग गर्न सक्नेः** (१) बागमती प्रदेशभित्र हुने चलचित्र महोत्सवलाई महोत्सवको प्रकृति, महोत्सवमा प्रदर्शन गरिने चलचित्र, ती चलचित्रले दिन सक्ने सन्देशका आधारमा कार्यालयले सहयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग प्राप्त गर्न चाहने महोत्सव आयोजकले महोत्सवमा प्रदर्शन गरिने चलचित्रको विवरणसहितको प्रस्ताव कार्यालयमा पठाउनु पर्नेछ।

(३) दफा ५ बमोजिमको समितिले कार्यालयमा रहेको बजेटको सीमाभित्र रहेर एउटा महोत्सवलाई बढीमा दुई लाख रुपैयासम्म सिफारिस गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएको रकम महोत्सव समापन भएको प्रतिवेदन प्राप्त भएपछि कार्यालयले भुक्तानी गर्नेछ।

(५) कार्यालयबाट प्रोत्साहनवृत्ति पाएर आयोजना गरिएको महोत्सव र चलचित्रको प्रदर्शनमा मन्त्रालय/कार्यालयको प्रतिनिधि वा उपदफा (३) बमोजिमको समितिका पदाधिकारीलाई सहभागी गराउनु पर्नेछ।

(६) कम्तिमा तीन वर्षदेखि चलचित्र महोत्सव सफलतापूर्वक आयोजना गरेका संस्था मात्र सहयोगका लागि योग्य हुनेछन्।

१४. **अन्य प्रदेशमा प्रदर्शन गर्ने चलचित्रलाई सहयोग गर्न सक्नेः** (१) प्रदेशको कथावस्तुमा आधारित चलचित्र बागमती प्रदेशभन्दा बाहिर नेपालभित्रैका चलचित्र महोत्सवमा प्रदर्शनका लागि छनोट भएमा प्रति चलचित्र दस हजार रुपैया भ्रमणवृत्ति प्रदान गर्न सक्नेछ।

१५. **प्रतिवेदन पेश गर्नुपर्नेः** स्वदेश तथा विदेशका चलचित्र महोत्सवमा सहभागी भई फर्केपछि प्रोत्साहनवृत्ति प्राप्त गर्ने चलचित्र निर्माताले फोटोसहितको प्रतिवेदन पेश गरेपछि मात्र कार्यालयले कार्यविधिमा तोकिएको सहयोग भुक्तानी गर्न सक्नेछ।

१६. **वृत्तचित्रलाई सहयोग गर्न सक्नेः** (१) बागमती प्रदेशको कथावस्तुमा आधारित वृत्तचित्र बनाउन चाहने व्यक्तिलाई प्रदेश सरकारले बढीमा एक लाख रुपैयासम्म सहयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग प्राप्त गरी वृत्तचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले कार्यालयसमक्ष अनुसूची- १ बमोजिमको ढाँचामा कार्ययोजनासहितको प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्ताव छनोटका लागि कार्यालयले दफा ५ बमोजिमको समिति समक्ष पेश गर्नेछ।

(४) स्वीकृत प्राप्त वृत्तचित्र निर्माताले दफा ५ बमोजिम समिति समक्ष पेश गरेर पृष्ठपोषण प्राप्त गरी अन्तिम सम्पादन गरेपछि कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको वृत्तचित्रमा बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिष्ट्रारको कार्यालयबाट सहयोग प्राप्त भनी उल्लेख गर्नु पर्नेछ।

(६) स्वीकृत प्राप्त वृत्तचित्र निर्माताले वृत्तचित्र निर्माण गरी अन्तिम सम्पादनपछि पेनड्राइभमा वृत्तचित्र हस्तान्तरण गरेपछि एकमुष्ट रकम कार्यालयले भुक्तानी दिन सक्नेछ।

१७. <u>चलचित्रलाई सहयोग गर्न सक्नेः</u> (१) प्रदेशभित्र छायाँङ्कन गरिएको, प्रदेशको कथावस्तुमा आधारित चलचित्र विषयवस्तु रहेको, प्रदेशका कलाकारको अभिनय रहेको, प्रदेशमा क्रियाशील चलचित्रकर्मीले निर्माण गर्ने चलचित्रलाई प्रदेश सरकारले सहयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको चलचित्र निर्माण गर्न चाहने व्यक्तिले अनुसूची- १ बमोजिमको ढाँचामा कार्यालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रस्तावलाई कार्यालयले दफा ५ बमोजिमको समितिसमक्ष पेश गर्नेछ।

(४) दफा ५ बमोजिमको समितिले प्रस्ताव स्वीकृत गरेमा फिचर चलचित्र निर्मातालाई बढिमा दुई लाख रुपैयासम्म प्रोत्साहनवृत्ति प्रदान गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको रकम प्राप्त गर्न चलचित्र निर्माताले अनुसूची- ४ बमोजिमको ढाँचामा कार्यालय समक्ष पटकथा सहितको निर्मित चलचित्र निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको आवेदन प्राप्त भएपछि कार्यालयले दफा ५ बमोजिमको समितिबाट स्वीकृत गरेपछि तोकिएको रकम भुक्तानी गर्नेछ।

(७) पहिला दर्ता हुने र चलचित्रको कथावस्तुका आधारमा दफा ५ बमोजिमको समितिले एक आर्थिक वर्षमा बढीमा दुई वटा चलचित्रलाई सहयोग गर्ने निर्णय गर्न सक्नेछ।

(८) प्रदेशले तोकेका पर्यटकीय गन्तव्यमा छायाँङ्कन गरेर पर्यटन प्रवर्द्धनमा योगदान दिन सक्ने भएमा त्यस्ता चलचित्रलाई प्रोत्साहन प्रदान गर्न दफा ५ बमोजिमको समितिले प्रदेश सरकारलाई सिफारिस गर्न सक्नेछ।

१८. <u>अन्तराष्ट्रिय महोत्सवमा सहभागी हुने चलचित्रलाई सहयोग गर्न सक्नेः</u> (१) बागमती प्रदेशको कथावस्तुमा आधारित चलचित्र अन्तराष्ट्रिय महोत्सवमा छनोट भइ सहभागिता जनाउनुपर्ने अवस्थामा सहभागी हुने प्रति चलचित्र निर्मातालाई अनुसूची- ५ बमोजिमको भ्रमणवृत्ति कार्यालयले प्रदान गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

सुरज चन्द्र लामिछाने

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव मनासिब देखिएमा भिसा, टिकट र महोत्सव आयोजकले पठाएको निमन्त्रणा पत्रसहित निवेदन दिएपछि कार्यालयले भुक्तानी गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम भ्रमणवृत्तिका लागि योग्य हुने चलचित्र निर्माताले अनुसूची- ४ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

१९. <u>प्रस्ताव आह्वान गरी छनौट गरिने:</u> दफा ४, ८, १२, १३, १४, १६, १७ र १८ बमोजिम सहयोग गर्नु पूर्व चलचित्र महोत्सव, वृत्तचित्र, चलचित्रलाई प्रोत्साहनवृत्ति प्रदान गर्नु पूर्व कम्तिमा पन्ध्र दिनको राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिने र प्राप्त प्रस्ताव मध्ये उत्कृष्टताका आधारमा दफा ५ बमोजिमको समितिले छनौट गर्नेछ।

२०. <u>एकपटक मात्र सहयोग गर्न सकिने:</u> दफा १२, १३, १४, १६, १७ र १८ को सहयोग प्राप्त गर्न सकिने आवेदकले एक भन्दा बढि जतिसुकै पटक र स्थानमा भएपनि एक आर्थिक वर्षमा एक पटक मात्र त्यस्तो सहयोग प्राप्त गर्नेछ।

२१. <u>प्रतिकृति (Replica) निर्माण गर्न सक्ने:</u> (१) प्रदेश सरकारले तोकेका समुदायको रहनसहन, जीवनशैली, खानपान, बासस्थान, कर्मस्थल, संस्कृति, प्रकृति झल्किने प्रतिकृति निर्माण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिकृतिमा छायाँङ्कन गर्न सकिने स्थान छ भने प्रदेश सरकारले छायाँङ्कनका लागि सिफारिस गरिदिन सक्नेछ।

(३) प्रतिकृति निर्माण गर्न चाहने समुदायले आवेदन दिएमा आवश्यकता र औचित्यका आधारमा प्रदेश सरकारले बजेट व्यवस्था गर्नु पर्नेछ।

(४) व्यक्ति वा संस्था आफैंले प्रतिकृति सञ्चालन गर्न चाहेमा प्रतिकृति सञ्चालक समिति गठन गर्न सक्नेछ।

(५) प्रतिकृति सञ्चालनको सम्पूर्ण जिम्मेवारी उक्त समितिमा रहनेछ।

(६) प्रतिकृति सञ्चालक समितिले चलचित्र वा म्यूजिक भिडियो छायाँङ्कन गर्न चाहने व्यक्ति वा संस्थासँग शुल्क लिन सक्नेछ।

(७) प्रतिकृति सञ्चालक समितिले लिने शुल्क दफा ५ बमोजिमको समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(८) उपदफा (७) बमोजिमको शुल्क उपदफा (४) बमोजिमको समितिले कोष खडा गरी प्रतिकृति मर्मत सम्भार र निर्माणमा खर्च गर्न सक्नेछ।

२२. <u>छायाँङ्कन स्थल तोक्न सक्ने:</u> (१) प्रदेश सरकारले बागमती प्रदेशका पर्यटकीय, साँस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यावरणीयलगायत विभिन्न क्षेत्रलाई छायाँङ्कन स्थल तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको छायाँङ्कन स्थल सञ्चालन गर्न सञ्चालक समिति गठन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको समितिलाई छायाँङ्कन स्थलको मर्मत सम्भारको जिम्मेवारी हुनेछ।

(४) छायाँङ्कन स्थलमा छायाँङ्कन गर्न चाहने व्यक्ति वा संस्थाका लागि दफा ५ बमोजिमको समितिले शुल्क निर्धारण गरिदिन सक्नेछ।

(५) चलचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको शुल्क बुझाई प्रदेश सरकारले तोकेको स्थानमा छायाँङ्कन गर्न सक्नेछन्।

२३. <u>श्रव्यदृश्य तथा तस्विर छायाँङ्कन:</u> (१) पर्यटन र संस्कृति प्रवर्द्धन गर्न प्रदेश सरकारले तोकेका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक, धार्मिक, प्राकृतिक, कृषिभूमि लगायतका स्थानको कार्यालयले श्रव्यदृश्य तथा तस्विर छायाँङ्कन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छायाँङ्कन गरिएका श्रव्यदृश्य तथा तस्विरलाई पोष्टर, पोष्टकार्डको रुपमा उपयोग गरी प्रदेशमा आउने पाहुनालाई वितरण गर्न सकिनेछ।

(३) छायाँङ्कन गरिएका श्रव्यदृश्य तथा तस्विरलाई कार्यालयले आफनो अभिलेखमा राख्न सक्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(४) उपदफा (३) बमोजिम अभिलेखीकरण गरिएका श्रव्यदृश्य र तस्विर चलचित्र निर्माणमा उपयोग गर्न चाहेमा, प्रदेशका कुनै मन्त्रालय वा कार्यालयले माग गरेमा मन्त्रालयले तोकेको शुल्क लिइ कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम छायाँङ्कन गरिएका तस्विरमा अंग्रेजी, नेपाली, नेपाल र तामाङ भाषामा शब्द लेखेर कार्यालयले पुस्तक प्रकाशित गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको पुस्तकमा रहेका शब्द चित्रलाई बागमती प्रदेशका गन्तव्य स्थलको रुपमा स्थापित गर्न गराउन प्रदेश सरकारले आवश्यक निर्णय गर्न सक्नेछ।

(७) गन्तव्य निर्देशिका, पुस्तक, श्रव्यदृश्य सामग्री र अन्य प्रर्बद्धनात्मक कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

२४. <u>मातृभाषाका चलचित्रलाई प्राथमिकता:</u> (१) प्रदेशमा बोलिने मातृभाषामा निर्माण हुने चलचित्रलाई प्राथमिकता दिइनेछ।

(२) मातृभाषामा निर्मित चलचित्रलाई अन्य भाषामा रुपान्तरण गर्न यो कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(३) अन्य भाषामा निर्मित चलचित्रलाई मातृभाषामा रुपान्तरण गराउन चाहेमा पनि यो कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन।

२५. <u>बजेटसम्बन्धी ब्यबस्था</u>: कार्यविधिमा उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्षमा विनियोजित बजेटको सीमाभित्र रहनु पर्नेछ।

२६. <u>संशोधन गर्न सकिने</u>: कार्यविधिमा उल्लेखित विषयमा संशोधन गर्नु परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

२७. <u>बाधा अडकाउ फुकाउ</u>: कार्यविधिमा उल्लिखित कार्यक्रम कार्यान्वयनको क्रममा कुनै बाधा तथा अप्ठयारो परेमा मन्त्रालयले बाधा अडकाउ फुकाउको निर्णय गर्न सक्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**विषयः वृत्तचित्र/लघु चलचित्र/चलचित्र निर्माण गर्ने प्रस्ताव सम्बन्धमा।**

१. आवेदकको नाम, थर, ठेगानाः

२. आवेदकको सम्पर्क नम्बर र इमेलः

३. वृत्तचित्र/लघु चलचित्र/ चलचित्रको कथासारः

४. वृत्तचित्र/लघु चलचित्र/चलचित्रले पार्न सक्ने प्रभाव (केही अनुच्छेद):

५. वृत्तचित्र/लघु चलचित्र/चलचित्रले बागमती प्रदेशको पर्यटन, संस्कृति र सामाजिक सदभावमा सकारात्मक योगदान पुऱ्याउन सक्ने (५ वटा बुदा) आधारः

६. वृत्तचित्र/लघु चलचित्र/चलचित्र निर्माण गर्न चाहने व्यक्तिको अनुभवः

७. वृत्तचित्र/लघु चलचित्र/चलचित्र निर्माण गर्न लाग्ने लागत अनुमानः

८. वृत्तचित्र/लघु चलचित्र/चलचित्रको निर्माण गर्न लाग्ने समयः

९. आवेदकको व्यक्तिगत विवरणः

**<u>आवेदक संस्था भएमा थपः</u>**

(क) संस्था भएमा दर्ता प्रमाणपत्र

(ख) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची- २

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

श्रीमान सञ्चार रजिष्ट्रार ज्यू,
बागमती प्रदेश, हेटौडा, नेपाल।

सञ्चार रजिष्ट्रार कार्यालयबाट प्रकाशित सूचना बमोजिम चलचित्र पटकथा लेखन कार्यशालामा सहभागी हुन चलचित्र निर्माण कार्ययोजनासहित प्रस्ताव पेश गरेको छु।

१. कार्यशालामा सहभागी हुन चाहने व्यक्तिको नामः
२. कार्यरत जिल्ला र पालिकाको ठेगानाः
३. शैक्षिक योग्यता वा कार्यअनुभवः
   (क)
   (ख)
४. नागरिकताको प्रमाणपत्रः
५. मोबाइल नम्बर र इमेलः
६. चलचित्रसँग सम्बन्धित विषयमा काम गरेको अनुभवः
   (क)
   (ख)
७. आवेदकले देहायका विवरण अनिवार्य रुपमा पठाउनु पर्नेछ।
   (क) कथावस्तुको एक वाक्यांश (Logline) ९० शब्द
   (ख) कथावस्तुको संक्षिप्त विवरण (Synopsis) २५० शब्द
   (ग) कथावस्तु लेखनमा आफ्नो सीप र अनुभवको केही अनुच्छेद (Statement of Interest) ५०० शब्द
   (घ) कथावस्तु लेखनमा सामान्य व्यक्तिलाई बुझाउन सक्ने कलात्मक अवधारणा (Artistic Vision and Concept)
   (ङ) व्यक्तिगत विवरण (Biography)

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची- ३

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

श्रीमान सञ्चार रजिष्ट्रार ज्यू
बागमती प्रदेश, हेटौंडा, नेपाल।

सञ्चार रजिष्ट्रार कार्यालयबाट प्रकाशित सूचना बमोजिम चलचित्र एप्रिसियसन कार्यशाला सहभागी भइ चलचित्रलाई बुझ्ने र बुझाउने कार्यमा सक्रिय हुने चाहाना सहित यो निवेदन पेश गरेको छु।

१. कार्यशालामा सहभागी हुन चाहने व्यक्तिको नामः

२. कार्यरत संस्था, जिल्ला र पालिकाको ठेगानाः

३. शैक्षिक योग्यताः

(क)

(ख)

४. नागरिकताको प्रमाणपत्रः

५. मोबाइल नम्बर र इमेलः

६. चलचित्रका विषयसँग सम्बन्धित काम गरेको अनुभवः

(क)

(ख)

७. सिक्न चाहेका विषयः

८. कार्यशालामा सहभागी भइ फर्केपछि काम गर्ने संस्थाः

९. सम्बन्धित व्यक्तिको व्यक्तिगत विवरणः

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची- ४

(दफा १२, १३, १४, १६, १७ र १८ सँग सम्बन्धित)

**वृत्तचित्र/लघु चलचित्र/चलचित्र प्रोत्साहन/भ्रमण वृत्ति प्राप्तिका लागि दिइने आवेदनको ढाँचा**

श्री सञ्चार रजिष्ट्रार कार्यालय

बागमती प्रदेश, नेपाल।

विषयः चलचित्र प्रोत्साहन वृत्ति सम्बन्धमा।

म हाम्रो संस्थाले निर्माण गर्न लागेको लघु चलचित्र, वृत्तचित्र, कथानक चलचित्रका लागि त्यस कार्यालयबाट उपलब्ध गराइने चलचित्र प्रोत्साहन वृत्तिका लागि देहायका विवरण खुलाई दरखास्त गरेको छु/छौ।

१. निर्माताको नाम (व्यक्ति वा संस्था):

२. चलचित्र निर्देशकको नामः

३. सम्पर्क नम्बर र इमेलः

४. चलचित्रको नामः

५. चलचित्र निर्माण गर्न प्राप्त गरेको अनुमतिको मितिः

६. चलचित्रको एक अनुच्छेद (कथा):

७. चलचित्रको किसिमः वृत्तचित्र/लघु चलचित्र/ कथानक चलचित्र

८. चलचित्र सम्बन्धी थप विवरणः

९. चलचित्र निर्माण लागतः

१०. कबुलियतनामाः बागमती प्रदेशको विषयवस्तुमा आधारित भई कार्यविधिमा उल्लेख भए बमोजिमका शर्तहरुको पालना गर्न मञ्जुर भइ कबुलियत गर्दछु।

आवेदकको नाम थरः

दस्तखतः

मितिः

कम्पनी वा संस्थाको छापः

दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरुः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) बिदेश चलचित्र छनौट भइ प्रदर्शनका लागि जान लागेको हो भने (Visa, Ticket) सम्बन्धित संस्थाको आमन्त्रण पत्रको प्रतिलिपि, राहदानीको प्रतिलिपि

(ग) चलचित्र निर्माण गर्न दिइएको अनुमति पत्रको प्रतिलिपि

(घ) संस्था भएमा दर्ता प्रमाणपत्र,

(ङ) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

(छ) संक्षिप्त कथा विवरण

(ज) सम्बन्धित व्यक्तिको व्यक्तिगत विवरण

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- ५

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

चलचित्र महोत्सव तथा अवार्ड कार्यक्रमहरुको सूची

| S.N. | International Film Festivals/Awards | Travel Grant Value(NRs) |
|---|---|---|
| 1 | Film Festivals | Shorts/Feature/ Documentary |
| A | Festival de Cannes, France – May | 100,000 |
| B | Berlin International Film Festival, Germany - February | 100,000 |
| C | Venice International Film Festival, Italy - September | 100,000 |
| D | Locarno International Film Festival, Switzerland - August | 100,000 |
| E | Toronto International Film Festival, Canada - September | 100,000 |
| F | Sundance Film Festival, USA - January | 100,000 |
| G | International Film Festival Rotterdam, The Netherlands - January | 100,000 |
| H | International Documentary Film Festival, Amsterdam(IDFA) | 100,000 |
| I | Clermont-Ferrand International Short Film Festival, France – January | 75,000 |
| J | International Short Film Festival Oberhausen, Germany - May | 75,000 |
| K | Busan International Film Festival, South Korea - October | 75,000 |
| L | Tokyo International Film Festival, Japan - October | 75,000 |
| M | HongKong International Film Festival, Hong Kong(HK) | 75,000 |
| N | SXSW Film Festival, Texas, USA | 75,000 |
| O | BFI London Film Festival, United Kingdom | 75,000 |
| P | International Documentary Film Festival, Amsterdam(IDFA)- November | 50,000 |
| Q | Hot Docs Canadian International Documentary Festival, Toronto, Canada | 50,000 |
| R | Cinéma du Réel, Paris, France | 50,000 |
| S | Sheffield Doc/Fest, Sheffield, United Kingdom | 50,000 |
| T | Visions du Réel, Festival International de Cinéma, Nyon, | 50,000 |
| U | CPH:DOX, Copenhagen International Documentary Film Festival, Denmark | 50,000 |
| V | SAARC Film Festival, SAARC Countries | 50,000 |
| W | International Film Festival of India(IFFI) | 50,000 |
| X | Other Film Festivals approved by Bagamati Province Government | 50,000 |

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अवार्ड कार्यक्रमः

| SN | Film Awards | Official Selection and Screenings/ Nominee and/ or winner |
|---|---|---|
| A | Academy Awards(The Oscars), USA – International Feature or Main Competition | 100,000 |
| B | Golden Globe Awards, USA - Foreign-Language Motion Picture Release | 100,000 |
| C | Asia Pacific Screen Awards, Brisbane, Australia | 100,000 |
| D | Asian Film Awards | 100,000 |

मा. सुरज चन्द्र लामिछाने
मन्त्री